

थोरै जनसङ्ख्या भएको पुरिक जातिका ८०० जना पुरिकहरू तिब्बतमा भारतको सिमानामा रहेको घार जिल्लामा बसोबास गर्छन्। भारतको लद्दाख प्रान्तको कार्गिल जिल्लामा रहेको 'सुरु' उपत्यकामा यिनीहरूको सङ्ख्या बढी छ । यो भू-भाग पूर्वमा लद्दाखले र उत्तर-पश्चिममा बाल्तिस्तानले घेरिएको छ। पुरिकहरूको वासस्थान धेरै उच्च स्थानमा छ; यिनीहरू ७,०८८ मिटर उचाइ भएका पर्वतहरू र २६५ मिटर गहिराइ भएको उपत्यकाहरू भएको हिमालयको पश्चिमी कुनामा बसोबास गर्छन्। जाडो महिनामा हिउँ ४० फुट उचाइसम्म पर्नाले ६ महिनाहरू कार्गिल भारतको अन्य भू-भागहरूबाट छुटिन्छ। नोभेम्बर महिनादेखि फ्रेबुअरी महिनासम्म तापक्रम -४५ डिग्रीसम्म घट्दछ। तिब्बतमा भएको केही पुरिकहरू पुनन, लाहुली, र तिनन भू-भागहरूमा पनि बसोबास गर्छन्।

कुनै चिनियाँ लेखोटहरूले थोरै जनसङ्ख्यामा पुरिकहरू भएको कुरालाई देखाउँदछ। तर यिनीहरूलाई कुन जातिमा राखिएको छ भनी थाहा छैन। लद्दाख र बाल्तिस्तानमा बसोबास गर्नेहरूको बिचमा यिनीहरू पुरिक्पा भन्ने नामद्वारा चिनिन्छन्।

६ वटा गाउँहरू बाहेक बाँकी सबै पुरिक्पाहरू इस्लाम धर्मको सिया उप-समूहलाई पछ्याउँछन्। तिब्बतमा बसोबास गर्ने थोरै सङ्ख्यामा भएको पुरिक्पाहरू फेरि बुद्ध धर्ममा फर्किनुभयो कि इस्लाम धर्मलाई नै पछ्याइरहनुभएको हो भन्ने कुनै जानकारी छैन।

पुरिक जातिहरूको बीचमा सुसमाचार पुऱ्याउनलाई गरेको एउटा प्रयास, कार्गिलमा सन् १९०० देखि सन् १९५६ सम्म सेवा गरेको सेन्ट्रल एसियन मिशनद्वारा गरिएको थियो। अनाथ आश्रम र अस्पताल सञ्चालन गर्नुको साथ-साथै मिशनरी देनिएल पेर्गरले सन् १९५० मा नयाँ करार किताबलाई पुरिक भाषामा अनुवाद गर्नुभयो। मस्सोनिको परिवार, नीनद्रीउ, र बेट्टी हाल पनि यहाँ महान् सेवा गरेका मिशनरीहरू हुन्। पुरिक जातिमा चिनिएको इसाईहरू तीन जना मात्र छन्, यिनीहरू कार्गिलभन्दा बाहिर बसोबास गर्छन्। तिब्बतमा भएको पुरिकहरूको बीचमा चिनिएको इसाईहरू कोही पनि छैनन्। पुरिक जाति सुसमाचारलाई घोर विरोध गर्ने जातिको रूपमा चिनिन्छ।




**Population in China:**
600 (1997)
650 (2000)
840 (2010)
**Location:** Tibet
**Religion:** Islam
**Christians:** None Known

## संक्षेप:

**अन्य नामहरू:** Burig, Purigskad, Purik Bhotia, Purig, Purik-pa

**जनसंख्या:**
चीन : ८००
भारत : ५६,५००
(A.D.२०११)

**उपभाषाहरू:** ०

**धर्म:** शिया इस्लाम र बुद्ध धर्म

**इसाई धर्म:** ०%

**बाइबल:** केही भागहरू सन् १९३८; नयाँ करार सन् १९५०

**येशू चलचित्र:** छैन

**सुसमाचारिय रेकर्डिङ:** Purig

**ख्रीष्टिय प्रसारण:** छैन

